# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, भदौ १० गते २०३१ साल [संख्या २०

श्री ५ को सरकार

रक्षा मन्त्रालयको

सूचना

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको शाही सैनिक नियुक्ति, प्रमोशन र अरू बिबिध व्यवस्था (सातौं संशोधन) साधारण नियमहरू, २०३१ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

### शाही सैनिक नियुक्ति, प्रमोशन र अरू बिबिध व्यवस्था (सातौं संशोधन) साधारण नियमहरू, २०३१

शाही सैनिक नियुक्ति, प्रमोशन र अरू बिबिध व्यबस्था साधारण नियमहरू, २०२० (यसपछि "मूल नियमहरू" भनिएको) लाई संशोधन गर्न वान्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा ११ र १६५ ले दिएको अधिकार तथा तत्सम्बन्धी प्राप्त अन्य सबै अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>:– (१) यी नियमहरूको नाम "शाही सैनिक नियुक्ति, प्रमोशन र अरू बिबिध व्यवस्था ( सातौं संशोधन ) साधारण नियमहरू, २०३१" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. <u>मूल नियमहरूको नियम २ मा थप</u>:– मूल नियमहरूको नियम २ को उपनियम (२) पछि देहायबमोजिमको उपनियम (३) र (४) थपिएको छ:–

"(३) अधिकृत क्याडेटहरूले रायल मिलिटरी एकेडमी स्याण्डहर्ष्ट-बाट स्ट्याण्डर्ड मिलिटरी कोर्ष ( एस.एम.सी. ) पूरा गरेपछि अस्थायी आयुक्त पद पाउने छन्। अस्थायी आयुक्त पद पाएका अधिकृत क्याडेटहरूले रेगुलर क्यारियर कोर्ष (आर.सी.सी ) पूरा नगरी आयुक्त पद पाउने छैनन्। तर रेगुलर क्यारियर कोर्ष गर्दा भने नीजहरूले स्ट्याण्डर्ड मिलिटरी कोर्ष (एस. एम. सी.) गर्दा पाए सरहको भत्ता पाउने छन्।"

"(४) मेडिकल क्याडेटहरूलाई एम.बी.बी.एस. पास गरी हाउसजब गर्दाको अवधिमा अस्थायी आयुक्त पद दिइनेछ। हाउसजब पूरा गरी प्रमाणपत्र लिएपछि मात्र मेडिकल क्याडेटहरूले आयुक्त पद पाउने छन्।"

आज्ञाले–
फणीन्द्रराज हमाल
श्री ५ को सरकारको सचिव

३८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

रक्षा मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सिराहमा शाही सेनाको लागि ब्यारेक बनाउनको निमित सगरमाथा अञ्चल, सिराह जिल्ला, महिसोथा गाउं पञ्चायत अन्तर्गत वार्ड नं. ३ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोवसानी बापत यस एन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व कि.नं. १४९, १५३, १५४ को साँध र कि.नं. १४१, १३९, १५०, ३७०, १५२ को बाँकी जग्गा, पश्चिम कि.नं. ८६, ८७, ९७, १२१, १२० को साँध र कि. नं. ८९, ८८, ९६, १३४, १३३, १२२ को बाँकी जग्गा, उत्तर महिसोथा लवका टोल जाने सडक, दक्षिण सिराह गोल बजार जाने सडक, कि.नं. १२५, १२७, १२८ को साँध र कि. नं. १२४, १२६, १२९, १५९, ३६९, १५२ को बाँकी जग्गा यति चारकिल्लाभित्रको कि. न. ९० को ०--३--० पूरै, कि.न. ९१ को ०--३--११ पूरै, कि.नं ९२ को ०--६--११ पूरै, कि.नँ. ९३ को ०--१--१६ पूरै, कि.नं. ९४ को ०--१--१५ पूरै, कि. नं. ९५ को ०--२--८ पूरै, कि.नं. १२३ को ०--३--० पूरै, कि. नं. १३० को ०--४--८ पूरै, कि.नं. १३१ को ०--२--१० पूरै, कि.नँ १३२ को ०--१--१७ पूरै, कि.नं. १३५ को ०--३--१२ पूरै, कि. १३६ को ०--१--१५ पूरै, कि.नं १३७ को ०--७--० पूरै, कि.नं. १३८ को ०--८--६ पूरै, कि.नं. १४० को ०--४--० पूरै, कि.नं. ८८ बाट ०--०--८ कि.नं ८९ बाट ०--०--१४ कि.नं. ९६ बाट ०--०--३ कि.नं. १२२ बाट ०--०--६ कि.नं. १२४ बाट ०--१--८ कि. नं. १२६ बाट ०--०--१४ कि.नं. १२९ बाट ०--४--५ कि.नं. १३३ बाट ०--०--१९ कि. नं. १३४ बाट ०--०--१२ कि.नं. १३९ बाट ०--८--१३ कि.नं. १४१ बाट ०--०--१४ कि.नं. १५० बाट ०--४--० कि.नं. १५२ बाट ०--२--१० कि.नं. १५९ बाट ०--१२--८ कि. नं ३६९ बाट ०--१--११ कि.नं. ३७० बाट ०--३--१५ समेत गरी जम्मा जग्गा बिगहा ४--१८--११ (चार बिगहा अठाह्र कट्ठा एघार धूर) को मालपोत रू. २२०। (दुईसय बीस रूपैयाँ) लाग्ने कित्ता एक — — — १

३८९

आज्ञाले–
फणीन्द्रराज हमाल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

380

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।